आज मिति २०७८ फागुन ५ गते, विहीबार दिनको १२:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरी

**विषयहरु :–**

१. आ.व. २०७६/०७७ को वार्षिक लेखा परीक्षण प्रतिवेदनको वेरुजु फछ्र्यौट सम्बन्धमा ।

२. विविध ।

**निर्णयहरुः–**

१. यस नगरपालिकाको लेखा समितिको प्रतिवेदन २०७८ बमोजिम आ.व. २०७३/०७४, २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को श्री महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने, प्रमाण पेश गर्नुपर्ने, असुल उपर गर्नुपर्ने र पेश्की बेरुजु सम्बन्धमा लेखा समितिबाट पेश भएको प्रतिवेदनलाई स्वीकृत गरी पारित गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिका, **'विपद् पिडितलाई राहत वितरण गर्ने सम्बन्धी निर्देशिका, २०७८'** स्वीकृत गरी पारित गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको **'ख्वप टेलिभिजन संचालन तथा प्रसारण नियमावली, २०७८'** स्वीकृत गरी पारित गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. निर्माण समिति :**

निर्माण समितिको मिति २०७८।११। गतेको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि.ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजनाभित्रको खुल्ला क्षेत्र संरक्षण कार्य | ९ | पर्ति जग्गा संरक्षण | ३१५,०००।०० | | | | | | | | अमानत बाट कार्य गर्ने निर्णय गरियो । |
| २ | भक्तपुर नपा भवनको उत्तरतर्फको परिसरमाको बाटोमा ढुगां छपाई कार्य | २ | नपा | २,००४,७४०।३५ | | | | | | | | |